RM GROUP

BHDC

# BINDHYABASINI HYDROPOWER
## DEVELOPMENT COMPANY LIMITED

# 9TH ANNUAL REPORT

FISCAL YEAR
2081/82







**श्री कृष्ण प्रसाद आचार्य**
(संस्थापक अध्यक्ष)

# सञ्चालक समिति



**श्री सिता आचार्य**
(सञ्चालक अध्यक्ष)



**श्री धन कुमारी अधिकारी**
(सञ्चालक, समूह “क”)



**श्री सुदिप आचार्य**
(सञ्चालक, समूह “क”)



प्रा.डा. श्री लक्ष्मण पौडेल
(सञ्चालक, समूह “क”)



**श्री तम प्रसाद गुरुङ्ग**
(सञ्चालक, समूह “क )



**श्री इन्द्र देवी गुरुङ्ग**
(सञ्चालक, समूह “ख”)



**श्री सुजन बानिया**
(सञ्चालक, समूह “ख”)



**श्री सुशिल खड्का**
(स्वतन्त्र सञ्चालक)



**श्री शतिश शर्मा**
(स्वतन्त्र सञ्चालक)

# BHDC विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

## को आ.व.२०८१/०८२ को बार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०७ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको नवौं बार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुदाँ सबै शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बार्षिक साधारण सभा सम्बन्धी कार्यक्रम:**

मिति : २०८२।०९।३० गते, बुधबार ।
समय : विहान १०:०० बजे ।
स्थान : अनमोल बेन्क्वीट, शंखमूल, काठमाडौं

### बार्षिक साधारण सभाको विषय सूचि:

**सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको आ. व. २०८१/०८२ को बार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(२) कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी अनुमोदन गर्ने ।
(३) आ. व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र नीजको पारीश्रमिक तोक्ने ।
(४) कम्पनीको चुक्ता पूँजीको ०.२६३२% नगद लांभाश (बोनश शेयरको कर तिर्ने प्रयोजनका लागि मात्र) वितरण गर्ने ।
(५) कम्पनीको साधारण शेयरमा परिणत हुनेगरी ऋणपत्र ( Debenture ) जारी गर्ने तथा सो वापतको रकम उपयोग गर्ने ।
(६) कम्पनीको नयाँ सञ्चालक समितिको चयन/निर्वाचन गर्ने ।

**सभाका विशेष प्रस्तावहरु:**

(१) कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको ५ प्रतिशतका दरले वोनश शेयर वितरण गर्ने ।
(२) कम्पनीको कूल पूँजीको १ : १ अनुपातमा हकप्रद शेयर जारी गर्ने तथा सो वापतको रकम उपयोग गर्ने सम्वन्धमा ।
(३) कम्पनीको प्रबन्धपत्रको दफा ५ (घ) र दफा ६ (घ) संशोधन / थप गर्ने ।
(४) कम्पनीको नियमावलीको दफा २७ (२) र दफा १६ संशोधन गर्ने ।

### वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका र शेयर दाखिला खारेजको कार्य मिति २०८२/०९/२२ गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ०९:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. सगंठित सस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्नेछ । साथै, प्राकृतिक व्यक्तिले नियुक्त गर्ने व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्ने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सभा हुनुभन्दा ७२ घण्टा अगावै अर्थात मिति २०८२।०९।२६ गते अपराह्न ५ बजे भित्र कम्पनीमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरि एकै व्यक्तिलाई मात्र प्रतिनिधि नियुक्त गर्नुपर्ने छ । शेयर विभाजन गरि दिइएको प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।
६. साधारण सभामा सहभागी हुन अनिवार्य रुपमा आफ्नो परिचय-पत्र वा हितग्राहि खाताको विवरण प्रस्तुत गर्नुपर्ने छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन २०६३ को दफा ७१ संग सम्बन्धित

## प्रोक्सी फारम

श्री सञ्चालक समिति
विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड
का.म.न.पा. वडा नं १०, नयाँ बानेश्वर, काठमाडौं

**विषयः प्रतिनिधि नियुक्त गरिएको बारे**

महाशय,

................................................ जिल्ला............................................न. पा./ गा. पा. वडा नं......... मा बस्ने म/हामी..................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८२।०९।३० गते हुन गईरहेको नवौं बार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट कम्पनीको उक्त सभामा भाग लिन तथा नयाँ सञ्चालक समिति चयन लगायतका निर्णयमा सहभागी हुनका लागि तल प्रस्तुत गरे बमोजिम मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको:**

हस्ताक्षर :

नाम :

ठेगाना :

शेयरधनी नं./**BOID** नं.:

शेयर सख्या :

मिति

**निवेदक**

हस्ताक्षर :

नाम :

ठेगाना :

शेयरधनी नं./**BOID** नं.:

शेरि सख्या :

मिति :

**नोटः साधारण सभामा आफू स्वयं उपस्थित हुन नसक्ने शेयरधनीहरुले यस संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं वा फोन नं ०१४७९१८९१ मा सम्पर्क गर्नुहोला। साथै यो निवेदन साधारण सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नुपर्ने छ।**

## प्रवेश पत्र

शेयरधनीको नामः ........................................ शेयरधनी नं./BOID नं. ......................................

शेयरप्रमाण पत्र नं. ...................................... शेयर संख्याः .......................................................

१. शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्न अनिवार्य छ।
३. शेयरधनी स्वयं उपस्थित भएमा प्रोक्सीद्वारा नियुक्त प्रतिनिधि स्वतः रद्द हुनेछ।
४. प्रोक्सी दिँदा कम्पनीको शेयरधनीलाई मात्र दिन पाइनेछ।

...................
कम्पनी सचिव

# विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

**नवौं बार्षिक साधारण सभाको अवसरमा कम्पनीका अध्यक्षद्वारा प्रस्तुत**
**सञ्चालक समितिको**
**आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन**

**मितिः २०८२ पुस ३० गते ।**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस विन्ध्यवासिनी हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को नवौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु, लगानीकर्ताहरु एवं आमन्त्रीत व्यक्तित्वहरु समक्ष सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।कम्पनीको प्रशासनिक, प्राविधिक, आर्थिक, व्यवसायिक, गतिविधि तथा वित्तीय अवस्था सहित यहाँहरुको समक्ष सञ्चालक समितिको आ.व २०८१/८२ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्दछौं ।

**कम्पनी तथा कम्पनीले सञ्चालन गरेका आयोजनाहरु सम्बन्धी संक्षिप्त विवरण ।**

**कम्पनीको नामः** विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड ।

१. **रजिष्टर्ड कार्यालयः** का.म.न.पा.वडा नं. १०, **श्री कृष्ण सदन, नयाँ वानेश्वर,** काठमाडौं ।
२. **उद्योग सञ्चालन गरिएको मुख्य स्थान (जलविद्युत केन्द्र):**

**(क)** **रुदी खोला ए जलविद्युत आयोजना** कास्की जिल्लाको मादी गाउँपालिकाको बालुवाबेसीमा पावरहाउस तथा लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिकामा हेडवर्क्स रहेको छ ।

**(ख)** **रुदी खोला 'बी' जलविद्युत आयोजनाः** लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिका क्षेत्रमा पावर हाउस तथा कास्की जिल्लाको मादी गाउँपालिका र लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिका क्षेत्रमा हेडवर्क्स रहेको छ ।

३. **कम्पनीको पूँजी संरचनाः**

(क) अधिकृत पूँजी : रु. २,००,००,००,०००।-
(ख) जारी पूँजी : रु. १,१२,९८,००,०००।-
(ग) चुक्ता पूँजी : रु. १,१२,९८,००,०००।-

## क). विगत वर्षको कारोबारको सिंहावलोकनः

१. **कम्पनीले निर्माण/सञ्चालन गरेका आयोजनाहरुको विगत वर्षको कारोबारको सिंहावलोकन :**

**क. रुदी खोला ए जलविद्युत आयोजनाः**

- आयोजनाले २०७५ साल चैत्र ५ गतेदेखि नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्दै आएको छ ।
- कम्पनीले गत बर्ष विद्युत बिक्री गर्ने दरमा ५ पटक सम्म Price Escalation लिइसकेपछि सुख्खायाममा मासिक रु. ९।६६ तथा वर्षा याममा रु. ५।५२ दरले विद्युत बिक्री गरी आम्दानी गरिरहेको छ ।
- आ.व २०८१/८२ को विद्युत उत्पादन/बिक्री साराशं निम्न अनुसार रहेको छ ।

| F.Y .2081/82 | Contracted Eneregy As Per PPA KW/h after deducting TL Loss | Actual Generation KW/h | ExcessEnergy Generation KW/h | Transmission Line Loss KW/h@3.32% | Net Actual Energy KW/h | Total Actual Revenue (Nrs) |
|---|---|---|---|---|---|---|
| Total | 45,314,836 | 40,696,060 | 98,64,780 | 1,351,109 | 39,344,951 | 235,466,146 |

**ख. रुदी खोला 'बी' जलविद्युत आयोजना:**

- आयोजनाले मिति २०७६ साल फागुन ५ गते देखि नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्दै आएको छ।
- आयोजनाले हाल सम्ममा विद्युत बिक्री गर्ने दरमा ५ पटक सम्म Price Scalation गरी सुख्खायाममा मासिक रु. ९।६६ तथा वर्षा याममा रु. ५।५२ दरले विद्युत बिक्री गरी आम्दानी गरिरहेको छ।
- आ.व २०८१/८२ को विद्युत उत्पादन/बिक्री साराशं निम्न अनुसार रहेको छ।

| FY 2081/82 | Contracted Eneregy As Per PPA KW/h after deducting TL Loss | Actual Generation KW/h | Excess Energy Generation KW/h | Transmission Line Loss KW/h @2.35% | Net Actual Energy KW/h | Total Actual Revenue (Nrs) |
|---|---|---|---|---|---|---|
| Total | 32,431,763 | 26,497,690 | 41,60,994 | 6,22,696 | 25,874,994 | 152,913,273 |

- **कम्पनी/आयोजनाको आ.व. २०८१/०८२ को प्रमुख वित्तीय सारंश:**

**(क) कम्पनीको सञ्चालन आम्दानी तथा खर्च सम्बन्धी विवरण:**

- कम्पनीको आ.व. २०८१/८२ को नेपाल प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको छ।
- कम्पनीले नेपाल विद्युत प्राधिकरणमा पेश गरेको बील रकमलाई कूल आम्दानी मानिएको छ।
- नेपाल विद्युत प्राधिकरणले बिल रकम भुक्तान गर्दा बील पेश भएको ४५ दिन पश्चात विद्युत खरिद गरे वापतको रकम कम्पनीको खातामा पठाउने भएकोले जेठ र असार महिनाको बील रकमलाई भुक्तानी पाउन बाँकी रकममा राखिएको छ।
- जलविद्युत आयोजनाको कम्पनीको नाममा रहेको हाइड्रो इलेक्ट्रीसिटी इन्भेष्टमेण्ट एण्ड डेभेलपमेण्ट कं. लि.बाट प्राप्त लाभांश रु.१,८०,१७९/-, इन्सोरिन्स दावी वापत (Rudi Khola B HEP, Property Insurance) प्राप्त रकम रु. ६,८१,२००/- , बैंक मौज्दातामा व्याज रकम रु. ६९,७८३, सापटी तथा अग्रिम रकममा प्राप्त ब्याज रु. ७,६९,६४८/- र अन्य आम्दानी बापतको रकम रु. १३,९०,१११ /- समेत गरी जम्मा ३०,९०,९२१ /-(तीस लाख नब्बे हजार नौ सय एकाइस रुपैयाँ मात्र) कम्पनीको अन्य आम्दानीमा समावेश गरिएको छ।
- कम्पनीले सञ्चालन गरेको दुवै आयोजनाको कर्जा भुक्तानी अवधी २०७७ साल फागुन महिनाबाट लागू हुनेगरी १५ वर्ष कायम गरिएको छ। साथै, आयोजनाको कर्जाको व्याजदर १० वर्षसम्मको लागि ७.९० प्रतिशत कायम रहेको छ।
- कम्पनीले आ.व. २०८१/०८२ मा १३,३७,३३,५४५/- (तेह्र करोड सड्त्तिस लाख तेत्तिस हजार पाँच सय पैंतालिस रुपैया मात्र ) व्याज बापत भुक्तानी गरेको छ।
- आयोजना सञ्चालन संग सम्बन्धित सबै खर्चलाई वर्तमान लेखामान सिद्धान्त बमोजिम सम्बन्धित खर्च शिर्षकमा वर्गीकरण गरी आयोजना सञ्चालन खर्चमा समावेश गरिएको छ।

कम्पनीको आ.व. २०८१/०८२ को संक्षिप्त वित्तीय विवरण "अनुसुची क" मा प्रस्तुत गरिएको छ।

**(ख) कम्पनीको शेयर पूँजी, दायित्व तथा सम्पत्ति सम्बन्धी विवरण:**

**कम्पनीको शेयर कारोवार सम्बन्धमा:**

- यस कम्पनीको शेयर आ.व.२०७९/०८० मा मिति २०७९ साउन ४ गते नेप्सेमा सुचिकृत भई BHDC नामबाट निरन्तर रुपमा शेयर कारोबार भइरहेको छ। आ.व २०८१/८२ को अन्तिम मुल्य रु ५४२ मा कारोबार भएको थियो। साथै, यस कम्पनीको संस्थापक शेयर, स्थानिय बासिन्दा तथा कर्मचारीलाई वितरण भएको शेयर

समेत तीन बर्षको लक ईन अवधि व्यतित भई मिति २०८२/०३/०४ गतेबाट सर्बसाधारण शेयर सरह नेप्सेमा कारोबार भइरहेको छ ।

- कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी मध्येबाट ५% (कर बाहेक) का दरले बोनश शेयर उपलब्ध गराउन मिति २०८२/०९/०७ गतेको सञ्चालक समितिको बैठकबाट निर्णय गरी यस नवौं बार्षिक साधारण सभामा प्रस्ताव प्रस्तुत गरिएको छ ।

- कम्पनीले समान किसिमको उद्देश्य भएका अन्यकम्पनी/आयोजनामा लगाानी गर्न तथा दायित्व समेत भुक्तानीका लागि बोनश शेयर पश्चात कायम रहने चुक्ता पूँजीको १: १ अनुपातमा हकप्रद शेयर जारी गर्नका लागि मिति २०८२/०९/०७ गतेको सञ्चालक समितिको बैठकबाट निर्णय गरी यस नवौं बार्षिक साधारण सभामा प्रस्ताव प्रस्तुत गरिएको छ । सो सम्बन्धि आवश्यक कागजातहरु हकप्रद शेयर निष्काशन स्वीकृतीका लागि विद्युत नियमन आयोगलाई पत्राचार गरिएको छ ।
- कम्पनीले Convertible Debenture जारी गर्नका मिति २०८२/०९/०७ गतेको सञ्चालक समितिको बैठकबाट निर्णय गरी यस नवौं बार्षिक साधारण सभामा प्रस्ताव प्रस्तुत गरिएको छ ।

- कम्पनीको शेयर रजिष्ट्रारको रुपमा सानिमा क्यापिटल लि. रहेको छ । शेयर रजिष्ट्रारले कम्पनीका शेयरहरु धितोपत्र बजार मार्फत खरिद, बिक्री तथा हक हस्तान्तरण गराउने, शेयरधनीको लागत अद्यावधिक गर्ने, प्रोक्सी फारमको दर्ता गर्ने, साधारण सभाको सम्पादनमा सहयोगीको भूमिका खेल्ने, शेयर कारोबार सम्बन्धमा जनसम्पर्कको विषयमा कम्पनीलाई राय सुझाव दिने, शेयर अभौतिकीकरण, नगद लाभाशं/बोनश शेयर वितरण तथा नियमन निकायहरुबाट माग भए बमोजिम कम्पनीको तर्फबाट कागजात उपलब्ध गराउने कार्य गर्ने छ ।

**कम्पनीको दायित्व तथा सम्पत्ति सम्बन्धी विवरण:**

- कम्पनीमा हाल संस्थापक शेयर रकम रु. ८४,७३,५०,०००/- र सर्वसाधारण शेयर रकम रु. २८,२४,५०,०००/- गरी कूल रु. १,१२,९८,००,०००/- लाई कम्पनीको शेयर पूँजीमा गणना गरिएको छ।

- कम्पनीले पहिलो चरणमा निर्माण गरेको रुदी खोला जलविद्युत आयोजना निर्माण तथा सञ्चालनका लागि कम्पनीले सानिमा बैंकको नेतृत्वमा लिएको कर्जा मध्ये तिर्न बाँकी कर्जालाई कम्पनीको कर्जा दायित्वमा राखिएको छ ।

- आ.व. २०८१।०८२ सम्मको कर्जा भुक्तानीको संक्षिप्त विवरण:

**कर्जा सम्वन्धी विवरण**

| विवरण | जम्मका लिएको कर्जा रकम रु | भुक्तान गरिएको कर्जा रकम रु | २०८२ साल असार मसान्त सम्मा भुक्तान गर्न बाँकी रकम रु. |
|---|---|---|---|
| रुदी खोला ए ज.वि.आ. | १,१५०,९००,०००.०० | (३०२,०२३,३५७.९५) | ८४८,८७६,६४२.०५ |
| रुदी खोला बी ज.वि.आ. | ८५८,५००,०००.०० | (१४२,७५१,६७९.५२) | ७१५,७४८,३२०.४८ |
| सञ्चालन कर्जा | ४२,०११,०००.०० | ०.०० | ४२,०११,०००.०० |
| **जम्मा** | **२,०५१,४११,०००.००** | **(४४४,७७५,०३७.४७)** | **१,६०६,६३५,९६२.५३** |

* यो विवरण तयार गर्दा सम्ममा कम्पनीले दुवै आयोजनाको आ.व. २०८२।८३ को पनि दुईवटा Loan Installment रकम जम्मा रु. ७,२२,८४,८१३/- चुक्ता गरिसकेको छ ।

* रुदी खोला ज.वि.आ.मा आ.व. २०८१।०८२ मा तपसिल बमोजिमको सम्पत्ति खरीद गरिएको छ भने आयोजना सञ्चालनका क्रममा बिग्रिएका वा काम नलाग्ने भएका सरसामानहरुलाई लिलाम बिक्री गरिएको छ ।

**तपसिल :**

**आयोजनाको सम्पत्ति सम्वन्धी विवरण:**

| विवरण | गत आ.व. २०८१ असार सम्मको विवरण | आ.व. २०८१/०८२ मा भएको थप | आ.व. २०८१/०८२ मा भएको घट | २०८२ असार मसान्तसम्मको विवरण |
|---|---|---|---|---|
| रुदी खोला ए ज.वि.आ. | १,५६१,६३२,५५१ | ७०,७८,४०४ | १४,९४,००७ | १,५६७,२१६,९४७ |
| रुदी खोला बी ज.वि.आ. | १, ३३२,३३६,५०८ | १८,२९५,३८५ | ०० | १,३५०,६३१,८९२ |
| **जम्मा** | २,८९,३९,६९,०५९ | २,५३,७३,७८९ | १४,९४,००७ | २,९१,७८,८४,८३९ |

* आ.व. २०८१/८२ मा कम्पनीले १२५ के.भी Diesel Generator रु. १५,९१,०००/-, Jemstar Revenue Meter रु. ८,७१,७६९/- , Vent Pipe Installation रु. ४६,१५,६३४/- र ८५०० के.भी को Outdoor Power Transformer रु. १,८२,९५,३८४/- गरी जम्मा रु.२,५३,७३,७८९/- रकमको थप सम्पत्ति खरीद गरेको छ र रु. १४,९४,००७/- को Diesel Generator Scrap Value मा बिक्री गरेको छ ।

* यो विवरण तयार गर्दा सम्म कम्पनीले पुरानो बिग्रीएको ८५०० के.भी को Outdoor Power Transformer रु. ४०,००,०००/- मा Scrap Value मा बिक्री गरेको छ ।

- सञ्चालनमा रहेका दुवै आयोजनाको स्वामित्व निर्धारित अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने हुँदा शेयरधनीहरुको लगानीको दीर्घकालीन प्रतिफलको लागि कम्पनीले हालसम्म निम्न अनुसारको कम्पनीको शेयर पूजींमा लगानी गरिसकेको र कम्पनी तथा शेयरधनीको हितलाई ध्यानमा राखी थप लगानी विस्तार गर्दै जाने निति कम्पनीले लिएको छ।

**कम्पनीले २०८२ साल असार मसान्त सम्म अन्य कम्पनीमा गरेका लगानिको विवरण :**

| क्र.स | कम्पनीको नाम | लगानी गर्न चाहेको रकम | हालसम्मको लगानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पिपुल्स इनर्जी लिमिटेड | उक्त कम्पनीको शेयर पूँजीको ८ प्रतिशत | २० करोड | निर्माणाधीन ४८.८ मे.वा. क्षमताको खिम्ती २ जलविद्युत आयोजना । |
| २ | मल्टि इनर्जी डेभलपमेण्ट प्रा.लि | उक्त कम्पनीको शेयर पूँजीको ३ प्रतिशत | ३ करोड ५५ लाख | निर्माणाधीन २० + १० मे.वा. क्षमताको लाङटाङ खोला जलविद्युत आयोजना । |
| ३ | नेपाल पावर एक्सचेञ्ज लिमिटेड | उक्त कम्पनीको शेयर पूँजीको २.५ प्रतिशत | ५० लाख | देशमा उत्पादित विद्युतलाई स्वदेश तथा विदेशमा निर्यात गर्ने उद्देश्य लिइ स्थापना भएको कम्पनी |
| ४ | जलविद्युत लगानी तथा बिकास कम्पनी लि. | साधारण शेयर | ३० लाख | साधारण शेयर |
| ५ | बलेफी इनर्जी प्रा.लि | उक्त कम्पनीको शेयर पूँजीको १५ प्रतिशत | २ करोड ७५ लाख | निर्माण शुरु हुने चरणमा रहेको ४० मे.वा. क्षमताको बेलफी खोला जलविद्युत आयोजना । |
| ६ | आर.एम पावर प्रा.लि | उक्त कम्पनीको शेयर पूँजीको ७० प्रतिशत | ६७ लाख | ३० मे.वा. क्षमताको सोलार पावर उत्पादनका लागि नेपाल विद्युत प्राधिरणको इ टेण्डरमा सहभागी कम्पनी । |

कम्पनीको आ.व. २०८१/०८२ को शेयर पूँजी, दायित्व, लगानी तथा सम्पत्ति सम्बन्धी विवरण यसैसाथ संलग्न अनुसूचि “क” तथा यसका Annexure मा प्रस्तुत गरिएको छ ।

## आयोजनाको मर्मत तथा सम्भार सम्वन्धमा

- कम्पनीले सञ्चालन गरेका दुवै आयोजनाहरुबाट विद्युत धमाधम उत्पादन भैरहेको छ। गत वर्षको हिउँदको अवधीमा वर्षा नभएको तथा वर्षायाम शुरु हुनासाथ बाढी पहिरो तथा हावाहुरीका कारण प्रसारण लाइन तथा लेखनाथ सवस्टेशनमा समेत पटक पटक समस्या आएका कारण आयोजनाबाट उत्पादन हुने विद्युतमा केहि असर देखिएको छ।

- मिति २०८१ साल श्रावण १३ गते भएको अविरल वर्षका कारण सिंदी गाउँदेखि आएको भेलले आयोजनाको प्रोजेक्ट क्याम्प नजिकको खोल्सीबाट अकस्मात झर्दा पावरहाउसको Main Gate बाट Switchyard हुँदै पावरहाउस समेतमा हिलो मिसिएको भेल छिर्दा करिव ३ दिन विद्युत उत्पादन बन्द भएकोमा आयोजनाका मेशिनहरुको तत्काल आवश्यक देखिएको मर्मत सम्भार गरी करिव ३ दिन पछि आयोजनाबाट विद्युत उत्पादन सुचारु गरिएको छ।

- कम्पनीले सञ्चालन गरिरहेको रुदी खोला ए र रुदी खोला बी ज.वि.आ.को आवश्यक मर्मत प्रस्ताव मध्ये तपसिल बमोजिम उपयुक्त रकम प्रस्ताव गर्ने MR Construction and Suppliers Pvt. Ltd. बाट BOQ Model मा काम समेत सम्पन्न भैसकेको छ।

**तपसिलः**

| Description | Amount (W/I VAT) |
|---|---|
| Rudi A HW Repair & Maintenance | Rs.21,75,224/- |
| Rudi B HW, Switchyard, Camp drainage Repair & Maintenance | Rs.24,01,732/- |
| Construction of Hut, Store & Gravelling Filling at Switchyard of Rudi B | Rs.148,500/- |
| **Total** | **Rs. 47,25,456/00** |

- रुदी खोला ए ज.वि.आ.मा चालू अवस्थामा रहेको EM Equipment अन्तगर्तको Nozzles खिइन गई पानी लिकेजको समस्या आउन थालेको हुँदा तत्काल नयाँ Full Nozzle २ सेट Delta Hydro Solutions Pvt. Ltd. संग भारतीय रुपैया रु ५२,८०,०००/- मा खरीद गरी आयोजनाको मर्मत सम्भार शुरु गरिएको छ।

- साथै, यो विवरण तयार गर्दा सम्म रुदी खोला ए ज.वि.आ को RUNNER खिइन गएको हुँदा सोको मर्मत सम्भारका लागि Construction Impex Pvt. Ltd. लाई भ्याट बाहेक रु १६,००,००० /- मा मर्मत सम्भारका लागि दिइएको छ।

## कम्पनीले हालसम्म वितरण गरेको लाभांश सम्वन्धी विवरण

- कम्पनीले हालसम्म संचित मुनाफाबाट शेयरधनीहरुलाई तपसील बमोजिमको लाभांश वितरण गरेको छ। सो सम्बन्धी सम्पूर्ण कार्यहरु शेयर रजिष्ट्रार सानिमा क्याटिलको सहकार्यमा उपलब्ध शेयर खाताहरुमा वितरण गरिसकेको छ। साथै, डिम्याट गर्न बाँकी रहेको शेयरधनीको हकमा शेयर डिम्याट भए लगत्तै लाभांश शेयरधनीको खातामा शेयर रजिष्ट्रार कम्पनीबाट सोझै उहाँहरुको खातामा रकम जम्मा गरिदिने व्यवस्था मिलाइएको छ।

| क्र.स | आ.व. | नगद लाभांस (कर सहित) | बोनस शेयर (कर सहित) |
|---|---|---|---|
| १ | ०८०/८१ | ०.०० | ८.००% |
| २ | ०७९/८० | ५.२६३२% | ०.०० |
| ३ | ०७८/७९ | ०.०० | ५.२६३२% |
| ४ | ०७७/७८ | १०.०० % | ०.०० |

## अन्य आवश्यक जानकारीहरुः

- कम्पनीको दुवै आयोजनाबाट उत्पादित विद्युतलाई ३३ के.भी डवल सर्किट ट्रान्समिसन लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको कास्की जिल्ला मादी गाउँपालीका ९, मिजुरेडाँडा सबस्टेसन स्थित राष्ट्रिय प्रसारण प्रणालीमा जडान गरी बिक्री बितरण गर्दै आइरहेको छ।

- कम्पनीको भविष्यमा आइपर्ने विभिन्न किसिमका प्रकोप तथा जोखिम न्यूनिकरणका लागि दुवै आयोजनाको Property, Machinery Breakdown LOP to Machine Breakdown, LOP to Property Damage, Public Liability बीमा गरिएको छ ।
- कम्पनीको अद्यावधिक बैंक कर्जा सुविधा प्रयोजनका लागि Care Ratings Nepal Ltd. बाट गरिएको Issuer Rating र Credit rating दुवैको Annual Survilliance मा कम्पनीले आवधिक कर्जाका लागि Care-NP A4+ [A Four Plus], अल्पकालिन कर्जाका लागि Care-NP BB+ [Double B Plus] र Issuer Rating BB+ [Double B Plus] प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely service of financial obligations) जनाउँदछ ।
- आयोजना निर्माण/सञ्चालनका क्रममा भएका निर्माण तथा सञ्चालन खर्च गरी भुक्तानी गर्न बाँकी रहेको रकमलाई भुक्तानी दिन बाँकी शिर्षकमा राखिएको छ । भुक्तानी दिन बाँकी रकमलाई कम्पनीको बैंक/नगद प्रवाहको आधारमा भुक्तानी गर्ने गरिएको छ ।
- कम्पनीद्वारा सञ्चालित दुवै आयोजनाबाट विद्युत उत्पादनबाट प्राप्त हुने रकमले यस कम्पनीको अन्य दायित्व सहित वित्तीय दायित्व वापत तिर्न बाँकी रहेको कर्जा रकम पनि निरन्तर रुपमा भुक्तानी गर्दै आइरहेको छ ।
- समय समयमा चाहिने खर्चहरु परिपूर्ति गर्नको लागि कम्पनीका तत्काल सम्पर्क भएका सञ्चालक तथा शेयरधनीहरुले कम्पनीमा सापटी उपलब्ध गराउने गरेका छन । सो सापटी रकम कम्पनीको Cashflow को आधारमा फिर्ता गर्ने गरिएको छ ।
- कम्पनी/आयोजनाको हर हिसाव सम्बन्धी संक्षिप्त विवरण त्रैमासिक रुपमा दैनिक राष्ट्रिय पत्रिका तथा कम्पनीको Website मा प्रकाशन गर्ने गरिएको र बिद्युत नियमन आयोग ,नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड लगायतका नियमक निकायहरुमा बुझाउने गरिएको छ ।
- यस कम्पनी समेत शेयरधनी रहेको पिपुल्स इनर्जी लिमिटेडले निर्माण गरिरहेको ४८.८ मे.वा. क्षमताको खिम्ती २ ज.वि.आ.ले आयोजना निर्माणको लागि सानिमा बैंकको नेतृत्वमा लिएको / लिने कर्जामा यस कम्पनीले संस्थागत जमानत (Corporate Guarantee ) दिएको छ ।
- यस कम्पनी समेत शेयरधनी रहेको बलेफी इनर्जी प्रा.लि.ले निर्माण गरिरहेको ४० मे.वा. क्षमताको बलेफी खोला ज.वि.आ.ले आयोजना निर्माणको लागि सानिमा बैंकको नेतृत्वमा लिएको / लिने कर्जामा यस कम्पनीले संस्थागत जमानत (Corporate Guarantee ) दिएको छ ।

**ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असरः**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रमा देखा पर्ने प्रतिकूलताहरु जस्तै मुद्रास्फीति, विदेशी मुद्राको मूल्यमा हुने वृद्धि तथा आकस्मिक रुपमा आउने बाढी , पहिरो तथा दैविक प्रकोप, देशको अस्थिर राजनीतिक अवस्थाका कारणले आयोजना संचालनमा समय समयमा समस्या देखिए बाबजुत कम्पनीले सके सम्भव गरी कम समयमै मर्मत संम्भार सम्पन्न गरी विद्युत उत्पादन गर्दै आइरहेको छ ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

- कम्पनीले आ.व २०८०/८१ मा विद्युत बिक्री बापत रु. ३६५,३७६,३१९।०७ प्राप्त गरेकोमा आ.व. २०८१/८२ मा आम्दानी सुधार भई रु. ३८८,३७९,४१८।९९ पुगेको छ ।

**भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

- वर्तमान अवस्थामा कम्पनीले हाल सञ्चालन गरिरहेको आयोजना सञ्चालनको अवधी विद्युत उत्पादन शुरु भएको मितिले बढीमा ३० वर्ष मात्र कायम रहने हुँदा कम्पनीलाई जिवन्त राखिराख्नका लागि समान उद्देश्य भएका (विद्युत उत्पादन, तथा विद्युत खरीद विक्री वितरण संग सम्बन्धित) अन्य कम्पनी/आयोजनामा लगानी गर्दै कम्पनीलाई निरन्तर रुपमा सञ्चालन गर्दै जाने ।

- कम्पनीले सम्भावित थप जलविद्युत तथा अन्य आयोजनाहरुको छनौट, अध्ययन गरी विद्युत उत्पादन तथा प्रसारण सम्बन्धी कार्यहरु गर्दै जाने ।
- कम्पनीको उद्देश्य बमोजिम अन्य आवश्यक कार्य सम्पादन गर्दै जाने ।

**घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्धः**

- कम्पनीले आफ्नो औद्योगिक वा व्यावसायिक क्षेत्रसंग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने सरकारी तथा गैर -सरकारी निकायहरु जस्तै नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, उद्योग विभाग, विद्युत नियमन आयोग, कम्पनी रजिष्ट्रारको कार्यालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय तथा विद्युत खरीद गर्ने नेपाल विद्युत प्राधिकरण, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, आयोजना क्षेत्रका स्थानीय निकायहरु, जगेडा पार्ट-पूर्जा तथा उपकरणहरु आपूर्तिकर्ता स्वदेशी तथा विदेशी कम्पनीहरुसँग कम्पनीको व्यवसायिक सम्बन्ध राम्रो रहेको छ ।

**ङ) सञ्चालक समिति, सञ्चालक समितिमा भएको हेरफेर र सो को कारणः**

- कम्पनीको नियमावली अनुसार हाल संस्थापकबाट ५ जना, सर्वसाधारणबाट २ जना र स्वतन्त्र सञ्चालक २ जना रहने गरी जम्मा ९ जनाको सञ्चालक समिति रहेको छ ।
- हाल कायम सञ्चालकहरुको विवरण निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| (१) | श्री सीता आचार्य | अध्यक्ष, समुह "क" |
| (२) | श्री धन कुमारी अधिकारी | सञ्चालक, समुह "क" |
| (३) | श्री सुदिप आचार्य | सञ्चालक, समूह "क" |
| (४) | श्री लक्ष्मण पौडेल | सञ्चालक, समूह "क" |
| (५) | श्री तम प्रसाद गुरुङ्ग | सञ्चालक, समूह "क" |
| (६) | श्री इन्द्रदेवी गुरुङ्ग | सञ्चालक, समूह "ख" |
| (७) | श्री सुजन बानियाँ | सञ्चालक, समूह "ख" |
| (८) | श्री शतिस शर्मा | स्वतन्त्र समूह |
| (९) | श्री सुशिल खड्का | स्वतन्त्र समूह |

- सञ्चालकहरुको कार्यकाल समाप्त भएको हुदाँ यसै साधारण सभाबाट नयाँ सञ्चालक समिति चयन / निर्वाचन गरी प्रचलित कानुनको अधिनमा रहि नयाँ सञ्चालक समिति गठन गरिने छ ।

**च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु**

- विद्यमान ऐन कानुनमा हुने संशोधन वा परिवर्तन तथा नयाँ कानुनहरुको निर्माणले नीजि क्षेत्रबाट प्रर्वद्धन गरिने जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनमा अनुकूल/प्रतिकूल असर पर्न सक्छ ।
- बन्द, हडताल, चक्काजाम, जस्ता राजनीतिक घटनाक्रम, बाढी, पहिरो, खडेरी, भुकम्प, आदि जस्ता अप्रत्याशित प्राकृतिक प्रकोप, रोगव्याधी, महामारी तथा सो को नियन्त्रणका लागि लागू हुने बन्दाबन्दी तथा निषेधाज्ञाका साथै मुद्रास्फिति, इन्धनको मूल्य वृद्धि, बैंकको ब्याजदरमा वृद्धि, विनिमय दरमा परिवर्तन आदि आर्थिक/वित्तीय कारणहरुले पनि जलविद्युत आयोजनाहरुको विकास निर्माण, सञ्चालन मर्मत सम्भारमा असर पार्दछन ।

- प्राकृतिक जोखिमहरु जस्तै खडेरी, अनावृष्टि, जलस्रोतको मुहानमा अप्रत्यासित परिवर्तनका कारण पानीको स्रोतमा कमी आई उत्पादन क्षमतामा ह्रास आउन सक्ने, प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थिति सिर्जना भई आयोजनाको भौतिक सरंचना एवं उपकरणहरुमा क्षति पुग्न गएमा आम्दानीमा कमी हुनसक्ने, प्रसारण लाइनमा प्राविधिक वा यान्त्रिक गडबडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने र विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने लगायतका जोखिमहरु समेत हुनसक्छन्।

**छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए उपर सञ्चालक सिमितिको धारणाः**

- आ.व २०८१/८२ मा कम्पनीले Nepal Financial Reporting Standard माध्यमबाट लेखापरीक्षण गराइएको हुँदा उक्त आ.ब.मा लेखापरीक्षकले Clean (Unmodified) Opinion दिएको।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएकोः**

- कम्पनीको सञ्चालक समितिको २०८२।०९।०७ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/०८२ सम्मको संचित मुनाफाबाट चुक्ता पुँजीको ५ प्रतिशत (कर वाहेक) का दरले शेयर लाभांस वितरण गर्नका लागि कम्पनीको नवौं बार्षिक  साधारण सभामा प्रस्ताव गरिएको छ।

**झ) शेयर जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अकिंत मूल्य, शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरणः**

- आ.व. २०८१/८२ मा शेयर जफत सम्बन्धी कार्य भएको छैन।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीले कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकनः**

- यस कम्पनीको कुनै सहायक कम्पनी छैन। यस कम्पनीको आर्थिक तथा वित्तीय स्थिति यसै प्रतिवेदन तथा कम्पनीको बार्षिक  प्रतिवेदनमा उल्लेख गरिएको छ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीको आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**

- यस कम्पनीको अरु कुनै सहायक कम्पनी छैन। यस कम्पनीको आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख आर्थिक कारोबार र सो अवधिमा कम्पनीले कारोबारमा आएको महत्वपूर्ण परिवर्तन संलग्न वासलात , नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी टिप्पणीले स्पष्ट पार्दछ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

- विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई कुनै जानकारी उपलब्ध गराएका छैनन्।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट प्राप्त गरेको जानकारीः**

- यो विवरण तयार पार्दासम्म कम्पनीका सञ्चालक पदाधिकारीहरुको शेयर स्वामित्व निम्न बमोजिम रहेको छ र निजहरु कम्पनीको शेयर कारोबारमा संलग्न रहेको पाइएको छैन।

| क्र.स. | शेयरधनी | पद | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|
| १ | श्री सीता आचार्य | सञ्चालक अध्यक्ष | १,४६६,२२३ |
| २ | श्री धन कुमारी अधिकारी | सञ्चालक सदस्य | २१,६६६ |
| ३ | श्री सुदिप आचार्य | सञ्चालक सदस्य | १,६८,५१६ |
| ४ | श्री लक्ष्मण पौडेल | सञ्चालक सदस्य | ८०,९०२ |
| ५ | श्री तम प्रसाद गुरुङ्ग | सञ्चालक सदस्य | १,६८,५१६ |
| ६ | श्री इन्द्र देवी गुरुङ्ग | सञ्चालक सदस्य | १७,१९५ |
| ७ | श्री सुजन बानिया | सञ्चालक सदस्य | १२,११ |
| ८ | श्री सुशिल खड्का | स्वतन्त्र सञ्चालक | ० |
| ९ | श्री सतिस शर्मा | स्वतन्त्र सञ्चालक | ० |

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलव्ध गराइएको जानकारीको व्यहोरा:**

- त्यस प्रकारको जानकारी उपलब्ध नभएको।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुपर्ने कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मल्यू तथा त्यसरी शेयर खरीद गरे बापत कम्पनीले भक्तानी गरेको रकम :**

- कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण:**

- कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सबल र प्रभावकारी बनाई व्यवस्थित रुपमा कार्य सञ्चालन गर्नका लागि कम्पनीले कर्मचारी प्रशासन विनियमावली २०७६ र आर्थिक प्रशासन तथा कार्य सञ्चालन विनियमावली २०७६ कार्यान्वयनमा ल्याएको छ ।
- कम्पनीको मानव संशाधन, आन्तरिक लेखापरीक्षण, जोखिम र सम्पत्ति तथा दायित्व व्यवस्थापनका निमित्त आवश्यकता बमोजिम विभिन्न समिति, उपसमिति गठन गरिएको छ ।
- कम्पनी/आयोजनाको लागि आवश्यक कर्मचारीको नियुक्ति, सेवा सुविधाहरुको निर्धारण गर्दा कम्पनीको कर्मचारी प्रशासन विनियमावली २०७६ मा उल्लेख भए बमोजिम गर्ने गरिएको छ ।
- कम्पनी/आयोजनामा तत्काल गर्नपर्ने मर्मत सम्भार लगायतका कार्यहरु गर्दा कम्पनीको स्वीकृत आर्थिक प्रशासन तथा कार्य सञ्चालन विनियमावली २०७६ मा उल्लेख भए बमोजिम गर्ने गरिएको छ ।

**थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण :**

- कम्पनीले आ.व. २०८१/८२ मा कम्पनीको मर्मत सम्भार खर्च २,१९२,५४९३।६५ तथा अन्य व्यवस्थापन खर्च रु. ५८,४३१,०७९।९६ समेत गरी जम्मा रु.८,०३,५६,५७३।६१ रहेको छ । यसको विस्तृत विवरण तथा अघिल्लो आर्थिक बर्षहरुको व्यवस्थापन खर्चको सम्पूर्ण विवरणहरु यसै प्रतिवेदनमा उल्लेख भएको लेखापरिक्षणको प्रतिवेदन साथ पेश गरिएको छ ।

**द) लेखापरीक्षण समितिका सदस्यहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता, तथा सुविधा, सो समितिले गरेको काम, कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण:**

- कम्पनीको दैनिक कार्य सञ्चालनका लागि कम्पनीका संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यको संयोजकत्वमा लेखा/व्यवस्थापन समिति रहेको छ ।
- कम्पनीको मासिक, त्रैमासिक लेखा विवरण तयार गरे गराए वापत कम्पनीका लेखा/व्यवस्थापन समिति सदस्य श्री भरत वहादुर पाण्डेलाई उक्त आ. व. मा रु ४,००,५७३।०० भत्ता उपलव्ध गराइएको छ ।
- कम्पनीको दैनिक कार्य सञ्चालन सहित लेखा निरीक्षण गरे गराए वापत आ.व. २०८१/०८२ मा व्यवस्थापन/लेखापरीक्षण समितिलाई रु.२,६०,०००।०० बैठक भत्ता उपलव्ध गराइएको छ ।
- कम्पनीको व्यवस्थापन/लेखापरीक्षण समितिलाई उपरोक्त वाहेक अन्य सुविधा दिइएको छैन ।
- **व्यवस्थापन/लेखापरीक्षण समितिले दिएका सिफारिस तथा सुझाव**
    - कम्पनीको गत बार्षिक साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकटि.एन.आचार्य एण्ड कम्पनी,चार्टर्ड एकाउन्टेन्ट्स बाट आ.व. २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी प्रस्तुत गरेको बार्षिक आर्थिक विवरणलाई स्वीकृत गरी अनुमोदनका लागि यस साधारण सभा समक्ष प्रस्ताव गरिएको छ ।
    - आ. व. २०८२/८३ को आर्थिक तथा वित्तीय कारोबारको लेखापरीक्षण गर्नको लागिलेखापरीक्षण समितिले ३ जना लेखापरीक्षकबाट प्राप्त भएका प्रस्तावहरु कम्पनीको सञ्चालक समितिलाई उपलव्ध गराएको छ । सञ्चालक समितिले उपलव्ध लेखा परीक्षण मध्ये एक जनालाई नियुक्तिको सिफारिस सहित साधारण सभामा प्रस्ताव प्रस्तुत गरिनेछ ।

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेका फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा:**

- यस कम्पनीका शेयरधनीहरुले आ-आफ्नो नाममा रहेका शेयर वापत सम्पूर्ण रकम चुक्ता भुक्तान गरिसकेको र निजको नजिकका नातेदार वा निज संलग्न रहेका फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी रहेको छैन।

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको, पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

- कम्पनीको गत वर्षको बार्षिक साधारण सभाले निर्णय गरे बमोजिम कम्पनीका सञ्चालक अध्यक्षलाई साविक बमोजिम नै मासिक (कर बाहेक) रु. १,३५,०००।०० पारिश्रमिक उपलव्ध गराइएको छ। सो वाहेक अन्य सुविधा दिइएको छैन।
- बैठकमा भाग लिए वापत सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, कम्पनी सचिव र आमन्त्रीतरुलाई प्रति व्यक्ति प्रति बैठक रु. ५०००।- बैठक भत्ता उपलव्ध गराउने गरिएको छ।
- कम्पनी/आयोजनाको आवश्यकता बमोजिम कुनै विशेष कार्य सम्पन्न गर्न पर्ने भएमा निश्चित कार्य सम्पादनका लागि समितिका कुनै पदाधिकारी वा अन्य व्यक्ति तथा संस्थालाई नियुक्त गरी सेवा लिने गरिएको छ। उपरोक्त वाहेक कम्पनीका पदाधिकारी एवं सञ्चालकहरुलाई अन्य सेवा सुविधा उपलव्ध गराइएको छैन।

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभाशंको रकम:**

- स्पष्ट बैंक खाता सम्बन्धी विवरण प्राप्त नभएका तथा सम्पर्कमा नआएका केही शेयरधनीहरुको दिनबाँकी लाभांश रकम रु.१४,८८,४०७/- कम्पनीको बैंक खातामा नै मौज्दात रहेको छ।

**फ) दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको कुराको विवरण :**

- आ. व. २०८१/८२ मा खरीद वा बिक्री गरेको सम्पत्तिको विवरण आर्थिक विवरणमा उल्लेख गरिएको छ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

- सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण आर्थिक विवरणमा उल्लेख गरिएको छ।

**भ) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

- सञ्चालक समितिले आफ्नो बार्षिक प्रतिवेदनमा पारदर्शी भई खुलाउनु पर्ने विषयका सम्बन्धमा सदैव सचेत रहनेछ, त्यसमा नियामानुसार स्पष्ट पार्नुपर्ने कुराहरु प्रष्ट पार्दै लगिनेछ।

**आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्यक्रम सम्बन्धी विवरण:**

- दुवै आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गत प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि एक थान एम्बुलेन्स प्रदान गरिएको छ। साथै, प्रभावित क्षेत्रका बासिन्दा एवं समुदायहरुसंग समन्वय गरी विभिन्न स्थानहरुमा मोटरबाटो निर्माण एवं मर्मत सम्भार, सिँचाइ कुलो निर्माण, विद्यालय भवन निर्माणमा सहयोग, धार्मिक/सामाजिक कार्य, छात्रवृत्ति, बाखा पालनको लागि गोठ निर्माण, स्थानीय युवा क्लव, आमा समूह, खेल मैदान, सामुदायिक भवन, शिक्षा, खानेपानी, तथा विभिन्न साना आयोजनाको निमित्त गिट्टी, बालुवा, डण्डी, सिमेण्ट लगायतका जिन्सी सहयोग गरिएको छ। यसका अतिरिक्त आयोजना निर्माणका क्रममा क्षति भएका बालीनाली, रुख बिरुवा, खेतबारीको स्थानीय स्तरमा समन्वय गरी कम्पनीका स्थानीय सञ्चालक श्री तम प्रसाद गुरुङ्कोको रोहवर एवं सकृयतामा क्षतिपूर्ति समेत उपलव्ध गराउँदै आएको छ।

**धन्यवाद ज्ञापनः**

यस कम्पनीको स्थापना कालदेखि कम्पनी एवं कम्पनीका आयोजनाहरुको निर्माण तथा सञ्चालन, व्यवस्थापन आदिमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संलग्न भई निरन्तर सहयोग पुऱ्याउनु हुने कम्पनीका लगानीकर्ता तथा शेयरधनी महानुभावहरुका साथै नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार, विद्युत विकास विभाग, अन्नपूर्ण संरक्षण क्षेत्र, वातावरण विभाग, आयोजनाको कर्जा सम्झौताको नेतृत्वकर्ता सानिमा बैंक लि. एवं वित्तीय व्यवस्थापनमा सहभागी बैंकहरु, निर्माण कम्पनीहरु, परामर्शदाताहरु, आयोजना क्षेत्रका स्थानीय निकायहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लगायत सम्पूर्ण सरकारी, अर्धसरकारी, तथा नीजि क्षेत्रका निकाय तथा सर्वसाधारणमा शेयर जारी गर्ने क्रममा सहयोग गर्ने नेपाल धितोपत्र बोर्ड, सानिमा क्यापिटल लिमिटेड, नेपाल स्टक एक्सचेञ्ज लि तथा सिडिएससी एण्ड क्लियरिङ्ग लिमिटेडलाई विशेष धन्यवाद दिन चाहन्छु।

साथै, दुवै आयोजनाको सफलता पूर्वक निर्माण सम्पन्न गर्नका लागि आयोजनाको शुरुआतदेखि सम्पन्न नहुँदा सम्म कार्यकारी अध्यक्षको भूमिका निर्वाह गर्नुहुने कम्पनीका संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यलाई सञ्चालक समितिको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छौं । साथै आयोजना निर्माण एवं सञ्चालनका क्रममा प्राविधिक तथा प्रशासनिक कार्य सम्पादन गर्नुहुने कम्पनी/आयोजनाका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, सम्पूर्ण शेयरधनी/लगानीकर्ताहरुलाई कम्पनी र कम्पनीको सञ्चालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र विश्वासको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै सञ्चालक समितिले प्रस्तुत गरेको बार्षिक प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु।

भवदीय,

सीता आचार्य
अध्यक्ष
सञ्चालक समिति





RM GROUP

BHDC

विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

BINDHYABASINI HYDROPOWER DEVELOPMENT COMPANY LIMITED

का.न.प. वडा न. 10, नयाँ बानेश्वर, काठमाडौं

www.bindhyabasinihydro.com.np

info.bhdc@rmgroup.com.np

+977-01-4791891